महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सिद्धार्थनगर नगरपालिका

रुपन्देही

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

सिद्धार्थनगर नगरपालिका

रुपन्देही



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी प्रदेश)

पत्र संख्या: २०७९।८०
च.नं. १४३

मिति: २०७९।१२।२९

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यु,
सिद्धार्थनगर, नगरकार्यपालिकाको कार्यालय,
रुपन्देही ।

कैफियत सहितको राय

हामीले सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ६ करोड ६९ लाख ८२ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २ करोड ५ लाख २१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६९ लाख ५९ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ९५ लाख २ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ६६ करोड ७६ लाख १८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ७३ करोड ४६ लाख रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

श्रीकुमार राई
नायब महालेखापरीक्षक

सिद्धार्थनगर नगरपालिका, रुपन्देही

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
६४	३१	६६९८२	०	०	०	६४	३१	६६९८२	२०५२१	२९५०२	१६९५९	०	०	४६४६१	

१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	प्रारम्भिक प्रतिवेदनको दफा नं.	छोटकरी व्यहोरा	रकम रु.

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिद्धार्थनगर नगरपालिका रुपन्देही	६६७६१८	०	०	६६७६१८	०	६६९८२	७३४६००

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सिद्धार्थनगर नगरपालिका, रुपन्देही , सिद्धार्थनगर नगरपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Tulsi ram marasini	२०७८-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Santosh Prasad Gurung	२०७८-४-१	२०७८-११-१
लेखा प्रमुख	omesh kumar gaire	२०७८-६-१०	हाल सम्म कार्यरत
		बेरुजु रकम	६६,९८२,२०६.५३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२९,६८,८६,३६५.३१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५७,८०,८४,०००	**चालु खर्च**	४७,२१,३१,८२१.१५
प्रदेश सरकारबाट अनुदान	४,७९,३०,०००	**पूँजीगत खर्च**	४०,२५,९०,०२३.१९
राजश्व बाँडफाँट	१६,२१,८५,४१३.४३	**वित्तीय/अन्य व्यवस्था**	१९,४५,३४,११५.१७
आन्तरिक आय	१६,८१,८३,४९७.०५		
अन्य आय	१०,५२,१९,९०८.७९		
कुल आय	१,०६,१६,०२,८१९.२७	**कुल खर्च**	१,०६,९२,५५,९५९.५१
बाँकी मौज्दात		२८,९२,३३,२२५.०७	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यो नगरपालिका ८३ डिग्री २६ मिनेट पूर्वी देशान्तर र २७ डग्री ३१ मिनेट उत्तरी अक्षांशमा अवस्थित रहेको छ ।३६.०३ वर्ग किलोमिटरमा फैलिएको यस पालिका अन्तर्गत १३ वडा, ७० सभा सदस्य, र कुल जनसंख्या ७६३०७ रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>एकिकृत आय व्यय विवरण

सिद्धार्थनगर नगरपालिका एकिकृत आय-व्यय विवरण (२०७८/०७९)
<table>
<tr><th rowspan="2">सि.नं.</th><th colspan="3">आयतर्फ</th><th rowspan="2">सि.नं.</th><th colspan="3">व्ययतर्फ</th></tr>
<tr><th>विवरण</th><th>रकम</th><th>रकम</th><th>विवरण</th><th>रकम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>296886365.31</td><td>१</td><td>चालु खर्च</td><td>472131821.15</td><td>472131821.15</td></tr>
<tr><td></td><td>क. सञ्चित कोष</td><td>270821612.16</td><td></td><td>२</td><td>पूँजीगत खर्च</td><td>402590023.19</td><td>402590023.19</td></tr>
<tr><td></td><td>ख. धरौटी</td><td>26064753.15</td><td></td><td>३</td><td>वित्तिय व्यवस्था भुक्तानी</td><td></td><td></td></tr>
<tr><td>२</td><td>राजस्व</td><td></td><td>330368910.48</td><td></td><td>क) ऋण भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>क. आन्तरिक राजस्व</td><td>168183497.05</td><td></td><td></td><td>ख) ब्याज भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>ख. राजस्व वाडँफाडँ</td><td>162185413.43</td><td></td><td></td><td>ग) अन्य भुक्तानी</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

३	वितिय हस्तान्तरण संघ		578084000.00	४	लगानी		
	क) वित्तिय समानीकरण अनुदान	195900000.00			ऋण लगानी		
	ख) सशर्त अनुदान	307484000.00			शेयर लगानी		
	ग) समपूरक अनुदान	41500000.00			अन्य लगानी		
	घ) विशेष अनुदान	33200000.00		५	धरौटी फिर्ता	12905544.73	12905544.73
४	प्रदेश सरकारबाट प्राप्त अनुदान		47930000.00	६	अन्य आय को खर्च	19351162.00	19351162.00
	क) वित्तिय समानीकरण अनुदान	9386000.00		७	विभिन्न कोष खर्च		35570037.64
	ख) सशर्त अनुदान	11544000.00			क) कर्मचारी कल्याण कोष	33867338.00	
	ग) समपूरक अनुदान	20000000.00			ख) मर्मत सम्भार कोष	0.00	
	घ) विशेष अनुदान	7000000.00			ग) प्रकोप व्यवस्थापन कोष	1702699.64	
५	अन्तर स्थानीय तहबाट प्राप्त				घ) अन्तर स्था. तह बारुण यन्त्र कोष	0.00	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६</td><td>अन्य आय (विविध खर्च खाता)</td><td></td><td>36085107.00</td><td>८</td><td>मौज्दात</td><td></td><td>225775307.53</td></tr>
<tr><td></td><td>क) क्षेत्रीय शहरी विकास योजना</td><td>3585500.00</td><td></td><td></td><td>क) बैंक मौज्दात</td><td>225775307.53</td><td></td></tr>
<tr><td></td><td>ख) सडक बोर्ड नेपाल</td><td>8030347.00</td><td></td><td></td><td>ख) नगद मौज्दात</td><td></td><td></td></tr>
<tr><td></td><td>ग) युनिसेफ नेपाल</td><td>1282170.00</td><td></td><td>९</td><td>शसर्त अनुदान फिर्ता</td><td>126707370.77</td><td>126707370.77</td></tr>
<tr><td></td><td>घ) जिल्ला समन्वय समिति</td><td>23060090.00</td><td></td><td>१०</td><td>गत बर्षको बढी अल्या</td><td></td><td></td></tr>
<tr><td></td><td>ङ) पि एल जि एस पि</td><td>127000.00</td><td></td><td>११</td><td>जनश्रमदान मौज्दात</td><td></td><td></td></tr>
<tr><td>७</td><td>विभिन्न कोष तर्फको आय</td><td></td><td>48729347.79</td><td>१२</td><td>धरौट मौज्दात</td><td>33564662.42</td><td>33564662.42</td></tr>
<tr><td></td><td>क) कर्मचारी कल्याण कोष</td><td>38573674.03</td><td></td><td>१३</td><td>अन्य आय मौज्दात (विविध खर्च खाता)</td><td>16734845.00</td><td>16734845.00</td></tr>
<tr><td></td><td>ख) मर्मत सम्भार कोष</td><td>500000.00</td><td></td><td>१४</td><td>कोष खाताको मौज्दात</td><td></td><td>13158410.15</td></tr>
<tr><td></td><td>ग) प्रकोप व्यवस्थापन कोष</td><td>8404615.76</td><td></td><td></td><td>क) कर्मचारी कल्याण कोष</td><td>4706336.03</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>घ) अन्तर स्था. तह बारुण यन्त्र कोष</td><td>1251058.00</td><td></td><td></td><td>ख) मर्मत सम्भार कोष</td><td>500000.00</td><td></td></tr>
<tr><td>८</td><td>जनसहभागिता (नगद)</td><td></td><td></td><td></td><td>ग) प्रकोप व्यवस्थापन कोष</td><td>6701016.12</td><td></td></tr>
<tr><td>९</td><td>विषयगत निकायबाट प्राप्त</td><td></td><td></td><td></td><td>घ) अन्तर स्था. तह बारुण यन्त्र कोष</td><td>1251058.00</td><td></td></tr>
<tr><td>१०</td><td>धरौटी आय</td><td>20405454.00</td><td>20405454.00</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>११</td><td>लगानीको साँवा फिर्ता</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>अन्य विविध आय</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>1358489184.58</td><td></td><td>जम्मा</td><td></td><td>1358489184.58</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>
सुत्र प्रणाली अनुसार
सुत्र प्रणाली अनुसार (म.ले.प फारम नं. २७२)
आ.व २०७८/०७९
<table>
<tr><th>विवरण</th><th></th><th>यस वर्ष रु.</th><th>गतवर्ष रु.</th></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(see table below)	

	टिप्पणी	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१,०१,२५,९९,९७६.५१	८३,५१,६१,०३९.७१		८३,५१,६१,०३९.७१	९३,४०,०७,६९०.६६	४,५२,०२,०००.००	९७,९२,०९,६९०.६६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		९६,७२,९४,४४८.७५	८२,९६,७५,५३९.७१	०.००	८२,९६,७५,५३९.७१	९२,६०,२२,७१४.१२	४,५२,०२,०००.००	९७,१२,२४,७१४.१२
११००० कर	११	२२,९१,८०,४४८.७५	२४,९९,८०,२९०.०४	०.००	२४,९९,८०,२९०.०४	२२,४५,३४,१४७.९०	०.००	२२,४५,३४,१४७.९०
१३००० अनुदान		६२,६५,१४,०००.००	४९,९३,०६,६२९.२३	०.००	४९,९३,०६,६२९.२३	६२,४७,२४,८४१.००	४,५२,०२,०००.००	६६,९९,२६,८४१.००
संघीय सरकार	१२	५७,८५,८४,०००.००	४६,७२,५५,१०१.२३	०.००	४६,७२,५५,१०१.२३	५७,६२,९६,८४१.००	४,५२,०२,०००.००	६२,१४,९८,८४१.००
प्रदेश सरकार	१२	४,७९,३०,०००.००	३,२०,५१,५२८.००	०.००	३,२०,५१,५२८.००	४,८४,२८,०००.००	०.००	४,८४,२८,०००.००
बैदेशिक श्रोत	१२	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
१४००० अन्य राजस्व		११,१६,००,०००.००	८,०३,८८,६२०.४४	०.००	८,०३,८८,६२०.४४	७,६७,६३,७२५.२२	०.००	७,६७,६३,७२५.२२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

ख. अन्य प्राप्ति		४,५३,०५,५२७.७६	५४,८५,५००.००		५४,८५,५००.००	७९,८४,९७६.५४		७९,८४,९७६.५४
वितरण गर्न बाकी राजस्व		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
कोषहरु		४,५३,०५,५२७.७६	५४,८५,५००.००	०.००	५४,८५,५००.००	७९,८४,९७६.५४	०.००	७९,८४,९७६.५४
धरौटी		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
भुक्तानी (ग+घ)		१,२९,५२,८९,५२७.७६	८९,५७,७७,९५५.९८		८९,५७,७७,९५५.९८	७५,६७,६०,२१५.५७	१,१८,१९,५११.९१	७६,८५,७९,७२७.४८
ग. भुक्तानी (सञ्चित कोषबाट)		१,२४,९९,८४,०००.००	८७,४७,२१,८४४.३४		८७,४७,२१,८४४.३४	७४,९०,०८,१४३.७९	१,१८,१९,५११.९१	७६,०८,२७,६५५.७०
२१००० पारिश्रमिक / सुविधा	१८	२५,८२,२४,०००.००	२२,९४,४२,२१२.५४	०.००	२२,९४,४२,२१२.५४	२२,०१,१६,६८९.०८	०.००	२२,०१,१६,६८९.०८
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२९,५६,७०,२८०.००	२१,०६,०४,३०८.२४	०.००	२१,०६,०४,३०८.२४	१५,४३,७९,१७९.२९	३५,५७,५६८.३२	१५,७९,३६,७४७.६१
२४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	१८	६५,००,०००.००	५३,६५,७७४.८३	०.००	५३,६५,७७४.८३	६०,५६,६८९.४१	०.००	६०,५६,६८९.४१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			२५००० सहायता (Subsidy)	१८	६२,५२,०००.००	३७,५५,२०९.००	०.००	३७,५५,२०९.००	४२,९८,०९६.२८	०.००	४२,९८,०९६.२८	
			२६००० अनुदान	१८	२३,००,०००.००	२१,८४,००८.००	०.००	२१,८४,००८.००	२२,२९,४६०.००	०.००	२२,२९,४६०.००	
			२७००० सामाजिक सुरक्षा	१८	१,९५,१५,६००.००	१,०८,२८,६६६.००	०.००	१,०८,२८,६६६.००	२५,१६,२००.००	०.००	२५,१६,२००.००	
			२८००० अन्य खर्च	१८	१,२२,००,०००.००	९९,५१,६४२.५४	०.००	९९,५१,६४२.५४	२,६४,०७,२३१.००	०.००	२,६४,०७,२३१.००	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	६४,९३,२२,१२०.००	४०,२५,९०,०२३.१९	०.००	४०,२५,९०,०२३.१९	३३,३०,०४,५९८.७३	८२,६१,९४३.५९	३४,१२,६६,५४२.३२	
			घ. अन्य भूक्तानी		४,५३,०५,५२७.७६	२,१०,५६,१११.६४		२,१०,५६,१११.६४	७५,६७,६०,२१५.५७	१,१८,१९,५११.९१	७६,८५,७९,७२७.४८	
			कोषहरु		४,५३,०५,५२७.७६	२,१०,५३,८६१.६४	०.००	२,१०,५३,८६१.६४	७७,५२,०७१.७८	०.००	७७,५२,०७१.७८	
			धरौटी		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	
			कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			२,२५०.००		२,२५०.००				

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम

ङ. यो वर्षको बचत (न्युन)		(२८,२६,८९,५५१.२५)	(६,०६,१६,९१६.२७)		(६,०६,१६,९१६.२७)	१७,७२,४७,४७५.०९	३,३३,८२,४८८.०९	२१,०६,२९,९६३.१८
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३१,०३,२५,८३४.९२		३१,०३,२५,८३४.९२	१७,६४,९६,६१५.७२		१७,६४,९६,६१५.७२
वर्षान्तको बाकी रकम (ङ + च)		(२८,२६,८९,५५१.२५)	२४,९७,०८,९१८.६५		२४,९७,०८,९१८.६५	३५,३७,४४,०९०.८१	३,३३,८२,४८८.०९	३८,७१,२६,५७८.९०
बैंक तथा नगद बाकी	२४		२४,९७,०८,९१८.६५		२४,९७,०८,९१८.६५	५,९४,७१,८२७.६७		५,९४,७१,८२७.६७

४

वित्तिय विवरणको अवस्था

पालिकाको वित्तिय विवरणको अवस्था निम्न रहेको छ ।

1. एकिकृत आय-व्यय (२०७८/७९) मा गत वर्षको मौज्दात रु. २९,६८,८६,३६५.३१ देखिएकोमा सुत्र १७२ को अनुसुचि १० मा संचित कोषको गत वर्षको मौज्दात रु. 32,६२,२८,७५८.२१ देखिएकोमा रु.२९,३४२,३९२.९ वैंक वाँकी कम देखिएको छ ।
2. एकिकृत आय-व्ययले आ.व. को अन्तिम मौज्दात रु २८,९२,३३,२२५.१ (मौज्दात, धरौटी मौज्दात, अन्य आय मौज्दात, कोष खाताको मौज्दात)देखाएकोमा सुत्रको वित्तिय प्रतिवेदनमा अन्तिम मौज्दात रु. २२,५७,७५,३०७.५३ देखिएको छ । एकिकृत आय-व्यय र सुत्रको वित्तीय प्रतिवेदनको वर्षान्तको वांकी मौज्दातमा रु. ६,३४,५७,९१७.५७फरक देखिन्छ । पालिकावाट हुने सवै आम्दानी, खर्च, कोषको हिसाव सूत्र प्रणालीमा आवद्ध हुनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			3. सुत्र प्रणालीको अनुसुचि- १० मा गत वर्षको मौज्दात रु. ३२,६२,२८,७५८.२१ रहेकोमा यस वर्ष गत वर्षवाट जिम्मेवारी सारेको रु. २७,०८,२१,६१२.१६छ । सुत्र प्रणाली को अनुसुचि १० मा गत वर्षको भन्दा रु. ५,५४,०७,१४६.०५ मौज्दात घटी सारेको देखिन्छ ।	
५			**आन्तरिक नियन्त्रण प्रणाली**	
५.१			पालिकाले आन्तरिक नियन्त्रण प्रणालि अपनाउनको लागि आन्तरिक नियन्त्रण प्रणालि कार्यविधि, २०७८ निर्माण गरि कार्यान्वयन गरेको छ । पालिकाको आन्तरिक नियन्त्रण प्रणालि अन्तर्गत निम्न बमोजिम देखिएको छ । वजेट व्यवस्थापनतर्फ • स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार गरे नगरेको । • दीगो विकास लक्ष्य पुरा गर्ने वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरे, नगरेको • स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरे गरेको, भ्रमण खर्च व्यवस्थापनतर्फ • सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना नगरेको । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरे नगरेको • सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी भए नभएको । • स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखे नराखेको परीक्षण गर्ने विविध तर्फ • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गरी राख्नपर्ने व्यवस्था रहेकोमा पालिकामा अधिकांश विलमा प्रमाणित भएतापनी सवै विलमा प्रमाणित भएको छैन । • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५.२			बेरुजु लगतः पालिकाले बेरुजु को विवरण को अभिलेख राख्नुपर्नेमा म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राख्नुपर्नेमा निम्न म.ले.प फारम कार्यालयले आशींक मात्र पालना गरेको पाईयो । म. ले. प. फाराम ८०१ - बेरुजु लगत म. ले. प. फाराम ८०२ - बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ - बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ - बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ - सम्परीक्षण गोश्वारा अभिलेख	
६			**महोत्सवमा अनुदान** महोत्सव मा अनुदान : वाट पालिकाले नेपालि नयाँ वर्षका सडक खाना महोत्सव कार्यक्रम अन्तर्गत होटल तथा रेष्टुरण्ट व्यवसायिक संगठन लाई रु. १५०,००० सहयोग उलब्ध गराएको र अन्य सस्था सहायता रु. ४,४३,७४९ गरी जम्मा ५,९३,७४९ सहायता उपलब्ध गराएको छ । नगरपालिकाको संघ सस्था संगको सहकार्यमा कार्यक्रम संचालन कार्यविधि, २०७८ (४) संघ सस्थालाई सहयोग उपलब्ध गराउने आधार उल्लेख गरिएको छ, जसमा शिक्षा, स्वास्थ्य, सामाजिक परिचालन को क्षेत्रमा तथा सरसफाई को क्षेत्रमा योगदान पुर्याउने संघ सस्थालाई सहयोग उपलब्ध गराउन सक्ने व्यव्था रहेको छ । पालिकाले संघ तथा संगठनलाई सहयोग उपलब्ध गराउदा उक्त संघ तथा संगठनले प्रवाह गर्ने सेवा तथा तोकिएको क्षेत्रमा पुर्याउने योगदान आदि उल्लेख नगरी निर्णय गरेर सहयोग दिएको पाईयो । अतः पालिकावाट सहयोग उपलब्ध गराउदा संघ सस्थाले प्रवाह गर्ने सेवा, नगरपालिका लाई पुग्ने योगदा आदि पक्षको विष्लेषण गरेर गर्नुपर्दछ ।	
७			**अनुदान फिर्ता** अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु.११,४३,९५,६१५.७७ र प्रदेश सरकारलाई रु. १,९८,७८,४७२ फिर्ता गरेको छ । अतः पालिकाले खर्च गर्ने क्षमताको विकास गरी कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**वजेट पेश** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा वजेट बजेट सिमा निर्धारण समिति गठन गर्नपर्ने व्यस्था रहेको छ । उक्त दफा को (६) (१) बमोजिम उक्त समितिले दफा (१) बमोजिमको स्रोत अनुमान तथा वजेट निर्धारण गरी वैशाख १० गते भित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ र उक्त स्रोतको अनुमान प्रमुख प्रशासकिय अधिकृतले वैशाख १५ भित्र महाशाखा, तथा शाखा मा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकाको स्रोत अनुमान तथा वजेट निर्धारण समितिले असार ८ गते मात्र पेश गरेको पाईयो । अतः नगरपालिकाले कानूनले तोकेको समय भित्रनै वजेट निर्माण प्रकृया सम्पन्न गर्नुपर्दछ । नगरपालिकाले वजेट तर्जुमा तथा निर्माण गर्दा ध्यान दिनुपर्दछ ।	
९			**वजेट तथा कार्यक्रम** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण गरेर वजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वजेट निर्माण गर्दा यस तर्फ ध्यान दिएको पाईएन । नगरपालिकाले वजेट निर्माण गर्दा नेपालको दिर्घकालिन नीति, आवधिक योजना, दिगो विकासको लक्ष्य लगायत कानूनले तोकेको क्षेत्रमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले निर्माण र खर्च गरेको वजेट वजेट निम्न छ ।	

क्र. म	क्षेत्र	वजेट	खर्च	खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा)
१	आर्थिक विकास	११९१३९९२०	३१६२६७७६	३.६१
२	पूर्वाधार विकास	३७७६९६१२०	२४४४०११२६	२७.९४
३	सामाजिक विकास	३८९४५५६००	३०२३६८४९१	३४.५७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>६७३४३३६०</td><td>४३३०६८१५</td><td>४.९५</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>२९६३४९०००</td><td>२५३०१८६५३५</td><td>२८.९३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>तलवि प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ६,२४,३४,००० ।- खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>कर्मचारी करार : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारवाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले दिएको विवरण पालिकाले विभिन्न पदमा ५५ जना कर्मचारीहरु करारमा राखि रु. ८९,८९,४७० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४, को दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्वर, इलेक्टीसियन, चौकिदार, मालि बगैँचा लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानिय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ७ जना करार नियुक्ती गरी वर्षभरी रु. २०,१६,००० भुक्तानी गरेको नियम संगत नदेखिएको रु.</td><td>२,०१६,०००</td></tr>
<tr><td>१०.३</td><td></td><td></td><td>कल्याण कोष : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानिय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्माचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि, २०७८ को वुदा ५ अनुसार कोषको स्थापना गरी संचालन गर्न सक्ने व्यवस्था रहेको । जसमा नगरपालिका वाट प्रतेक आर्थिक वर्षमा कर्मचारिका लागि भुक्तानी गरिने सकेसम्म एक महिनाको तलब वरावरको रकम, नगरपालिकावाट कोषलाई अनुदान स्वरुप प्रदान गर्ने रकम राख्न सकिने व्यवस्था रहेको छ । पालिकाले स्थानिय सरकार ऐन, २०७४ को दफा ९१ कर्मचारी कल्याण कोषमा रकम जम्मा नगरी एकमुष्ठ रु. २,५०,००,००० जम्मा गरेको नियम संगत नदेखिएको रु.</td><td>२५,०००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०.४			कर्मचारी प्रोत्साहन सुविधा : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था र उक्त ऐनको दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ । सिद्धार्थनगर नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन खर्च उपलब्ध गराउने कार्यविधि,२०७७ वुदा नं. ३ मा प्रोत्साहन खर्च उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ । वुदा ३ (१) मा नियमित कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्यालयको आवश्यकता अनुसार उपस्थित भई कार्य गरेमा, सार्वजनिक विदाका दिन कार्य गरेमा र नियमित रुपमा अनुशासित भइ आफुलाई तोकेको जिम्मेवारी पुरा गरेमा प्रोत्साहन उपलब्ध गराउने व्यवस्था रहेको छ । यसुतै वुदा ३.२ मा प्रोत्साहन वापत हाजिर भएको दिनको प्रति कर्मचारी लाई रु. १०० दिन सक्ने व्यवस्था रहेको छ । नगरपालिकाले अनुशासित कर्मचारी एकिन गर्ने स्पष्ट आधार र मापदण्ड निर्धारण भएको छैन तथा पालिकाले अनुशासित कर्मचारी छनौट नगरी सवै कर्मचारीलाई हाजिर गरेको दिनको आधारमा प्रतिदिन रु १०० का दरले जम्मा रु.३८,८२,५०० भुक्तानी गरेको छ । अतः पालिकाले थप सेवा सुविधा उपलब्ध गराउदा स्पष्ट मापदण्ड निर्धारण गरेर उपलब्ध गराउनु पर्दछ ।	
१०.५			कर्मचारी दरबन्दी र पदपूर्तिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको जम्मा स्वीकृत दरबन्दी संख्या २१७ रहेकोमा स्थाई तर्फ १३७ जना र काररमा ६२ गरी जम्मा १९९ जना कर्मचारीको पदपूर्ति भएकोमा १८ जना कर्मचारी रिक्त रहेको छ दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अतः रिक्त पदहरु यथासिघ्र छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।	
११			**अवण्डा वजेट** अबण्डा राखि वजेट वजेट खर्च भएको : सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्नेमा यस	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नगरपालिकाले नगरपालिका अन्य पुजिगत शिर्षक अन्तर्गत रु. २,५०,००,००० राखेको पाईयो । अत: नगरपालिकाले वजेट तयार गर्दा अबण्डा वजेट नराखी योजना तथा कार्यक्रम निर्धारण र प्रधामिकताका आधारमा स्रोत विनियोजन गर्नुपर्दछ ।	
१२			**स्वास्थ्य कर्मीको दरवन्दी र पदपुर्ती सम्बन्धी** कर्मचारी दरबन्दी र पदपूर्तिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले दिएको विवरण अनुसार यस नगरपालिकामा निम्न स्वास्थ्य संस्थामा निम्न कर्मचारि कार्यरत रहेकोमा उक्त स्वास्थ्य संस्थाको स्वास्थ्य कर्मिको दरवन्दि स्विकृत भएको छैन । अतः नगरपालिकाले कार्यवोझको आधारमा स्वास्थ्यकर्मि को दरवन्दि स्विकृत गरी कर्मचारी नियुक्ति गर्नुपर्दछ ।	

क्र म	स्वास्थ्य संस्था	कार्यरत स्वास्थ्यकर्मि/कर्मचारी
१	आधारभुत स्वास्थ्य केन्द्र १ वेलहिया	३
२	आधारभुत स्वास्थ्य केन्द्र ३ खजहना	३
३	आधारभुत स्वास्थ्य केन्द्र ११ भुजौली	३
४	नगर स्वास्थ्य केन्द्र ९	४
५	नगर स्वास्थ्य केन्द्र १०	३
	जम्मा	१६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>धरौटी मौज्दात सम्बन्धी</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>घटी मौज्दात सारेको : कार्यालयले दिएको विवरण अनुसार गत वर्षको श्रेष्ता अनुसारको वाकी मौज्दात २,६५,०८,७५३.१५ रहेकोमा आ.व २०७८/७९ मा २,६०,६४,७५३.१५ सारेको छ । गत आ.व (२०७७/२०७८) को मौज्दात भन्दा घटी मौज्दात सारेकोमा गत वर्षको मौज्दात अनुसार अल्या गरी प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><td>विवरण</td><td>आ. व २०७७/७८</td><td>आ.व २०७८/७९</td></tr>
<tr><td>गत वर्षको अल्या</td><td>८,५६,२३,९३१.८८</td><td>२,६०,६४,७५३.१५</td></tr>
<tr><td>चालु आ.व को आय</td><td>२,४६,२९,९८६.२६</td><td>२,०४,०५,४५४</td></tr>
<tr><td>जम्मा</td><td>११,०२,५३,९१८.१४</td><td>४,६४,७०,२०७.१५</td></tr>
<tr><td>सदर स्याहा</td><td>०</td><td>(५०,३४,४०५.४०)</td></tr>
<tr><td>चालु आ.व मा फिर्ता</td><td>(८,३७,४५,१६४.९९)</td><td>(७८,७१,१३९.३३)</td></tr>
<tr><td>जम्मा वाकी श्रेष्ता अनुसार</td><td>२,६५,०८,७५३.१५</td><td>३,३५,६४,६६२.४२</td></tr>
<tr><td>वैंक अनुसार</td><td>२,६४,६७,४९२.९७</td><td>३,४२,४०,४०२.२४</td></tr>
<tr><td>फरक (वैंक वढी)</td><td>४१,२६०.१८</td><td>६,७५,७३९.८२</td></tr>
</table></td><td>४४०,०००</td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>सदर स्याहा गर्नुपर्ने : कार्यालयले दिएको विवरण अनुसार धरौटीको बैंक मौज्दात रु. ३,४२,४०,४०२.२४ (बैंक अनुसार) रहेको छ । पालिकाले कानुन बमोजिम म्याद समाप्त भएको धरौटी सदरस्या गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.३			श्रेष्ता र बैंक अनुसार हिसाव भिडान नभएको : पालिकाले दिएको विवरण अनुसार श्रेष्ता अनुसार वैक मा वाकि धरौटी मौज्दात रु. ३,३५,६४,६६२.४२ र बैंक अनुसार मौज्दात रु. ३,४२,४०,४०२.२४ देखाएको छ । वैंक र श्रेष्ता अनुसार रु. ६,७५,७३९.८२ वढी बैंक मौज्दात देखिएको छ । अतः कार्यालयले छानविन गरी श्रेष्ता र वैंक विच हिसाव मिलान गर्नुपर्दछ ।	
१४			**कोभिड व्यवस्थापन तर्फ**	
१४.१			कोभिड व्यवस्थापन : संघिय सरकार वाट शर्शर्त हस्तान्तरण कोभिड १९ खोप अभियान संचालनमा रु २,६१,००० , हेल्थ डेक्सको संचालन तथा सुदृढकरणमा रु. २,१०,००० र कोभिड रोकथामको लागि आर.आर.टी र स्वास्थ्यकर्मी परिचालनमा रु. ५०,००० र पालिका तर्फ वाट रु. कोभिड लगायत विभिन्न रोगवाट वचाउन सुरक्षा सामाग्री र दुषण निवारण रसायन खरिद गर्न रु. १०,००,००० CICT र हेल्थ डेक्समा स्वास्थ्य सुरक्षा सामाग्री खरिद तथा कोभिड टेष्ट कार्यक्रम मा रु.५,००,००० र कोभिड लगायत आकस्मिक महामारी व्यवस्थापनका लागि स्वास्थ्य कर्मि परिचालन प्रोत्साहन मा रु. १२,००,००० गरी जम्मा रु. ३२,२१,००० विनियोजन भई एकमुष्ठ रु. १९,४३,००० खर्च भएकोमा नगरपालिकाले पूर्व सावधान अपनाउनको लागि क्वारेन्टाइन, कोभिड वेड संचालन गरेको पाईएन । अतः पालिकाले कोभिड को सामना गर्नको लागि पुर्व सचेतना अपनाउनु पर्दछ ।	
१४.२			कोभिड व्यवस्थापनको लागि सहकार्य र समन्वय : नगरपालिका वाट कोभिड व्यवस्थापनको लागि कार्यविधि तथा मापदण्ड निर्धारण गरेको पाईए । कोभिड व्यवस्थापन मा निजि अस्पताल तथा व्यवसायिक क्षेत्र संग सहकार्य र समन्वय भएको छैन । नगरपालिकाले कोभिड लगायत अन्य विपद को व्यवस्थापन लाई प्रभावकारी वनाउनको लागि सम्बन्धित निकाय संग सहकार्य र समन्वय गर्नुपर्दछ ।	
१४.३			कोभिड-१९ को महामारी वाट प्रभावित अतिवपन्न गरिवार नगद हस्तान्तरण कार्यक्रम: कोभिड-१९ को प्रभाववाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रम रहेका अतिविपन्न परिवारको तत्कालको न्युनतम आधारभूत आवश्यकता पूरा गर्न नगद राहत उपलब्ध गराउने उद्देश्यले संचालन भएको यस कार्यक्रम अन्तर्गत संघिय सरकार वाट ५२६ जना लाई रु. १०,००० का दरले हस्तान्तरण हुने गरी रु. ५२,६०,००० हस्तान्तरण भएको मा नगरपालिकाले राहत उपलब्ध गराउनको लागि वडामा सुचना माग गरेको र उक्त सुचना बमोजिम माग गर्न कोहि नआएकोले सम्पुर्ण रकम फिर्ता गरेको पालिकाको भनाई छ । अत : वजेट तर्जुमा गर्दा वास्तविकतामा आधारित भएर कार्यान्वयन हुने गरी कार्यक्रम छनौट गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४.४			कोभिड खोप : कोभिड निवारणको लागि नगरपालिकाले दिएको विवरण अनुसार स्वास्थ्य कार्यालय वाट निम्न परिमाण मा खोप हस्तान्तरण भएकोमा निम्न परिमाणमा वितरण र फिर्ता भएको छ । पालिकाले प्राप्त गरेको परिमाणमा खर्च भएको देखाएको छ । फिर्ता गरेको परिमाण शुन्य रहेको छ । सवै प्रकारका सवै परिमाणमा खोप वितरण भयो भन्न व्यवहारीक देखिदैन । अतः नगरपालिकाले खोप प्राप्त र वितरण को यथार्थ विवरण वनाउनुपर्दछ । यस तर्फ सम्बन्धित शाखाको ध्यान जानु जरुरी छ ।	

क्रम	खोप एन्टिजेनत्र	प्राप्त डोज परिमाण	खर्च	फिर्ता
१	कोभिसिल्ड	२९१७	२९१७	०
२	भेरोशिल	६२५४०	६२५४०	०
३	जेन्सन	८४२५	८४२५	०
४	एस्ट्राजेनिका	१६६०४	१६६०४	०
५	मोर्डन	१८५१४	१८५१४	०
६	फाईजर	१००००	१००००	०
	जम्मा	१३७०००	१३७०००	०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१५			**संघ संस्थालाई आर्थिक सहायता** आर्थिक सहायता : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले विभिन्न धार्मिक संस्था, सामाजिक संस्था तथा अन्य सस्था लाई पुजिगत तथा अन्य	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सहयोग उपलब्ध गराएको छ । पालिकाले सहयोग उपलब्ध गराएका निकायले नगरपालिककाको आर्थिक तथा सामाजिक पक्षमा पार्ने प्रभावको समेत अध्ययन गरी अनुदान उपलब्ध गराएको पाईयो । पालिकाले दिएको विवरण अनुसार यस वर्ष निम्न संस्थालाई रु. १६,९६,०२६ आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	

सि.नं.	विवरण	रकम	कैफियत
१	नुरी जामामस्जिद निर्माण	९०००००	
२	सक्षमसाहारा बहुउदेश्यिय समुह	४००००	
३	इलाकाप्रहरी कार्यालय वेलहिया	९९४१०	सिसिटिभि
४	विनायक पथभजन मण्डली	२५१४२	
५	रुपन्देहिक्रिकेट संघ	२३५८७५	खेलकुदसामाग्री
६	सिर्जनशिलसाहित्यिक समाज	४५०००	
७	सागरन्यौपाने	७०००	
८	लायन्सक्लव अफ लुम्बीनि क्रयटिभ लेडि	१५००००	
९	गोपाल मणीगौतम	१००००	
१०	दुर्गामन्दिर सञ्चालक समिति	७०००	
११	नेपाल बालसंगठन	१५०००	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२</td><td>राष्ट्रियजेष्ठ नागरिक महासघं</td><td>२५०००</td><td></td></tr>
<tr><td>१३</td><td>नेपाल अटोरिक्सा तथा इ-रिक्सा चालक संघ</td><td>९८८६</td><td></td></tr>
<tr><td>१४</td><td>अखिलनेपालमहिला संघ</td><td>२३३८०</td><td></td></tr>
<tr><td>१५</td><td>बुद्धकोलोनीटोल सुधार समिति</td><td>२४९८३</td><td></td></tr>
<tr><td>१६</td><td>छोटेलालचमार</td><td>३१००</td><td></td></tr>
<tr><td>१७</td><td>प्राज्ञिकविधार्थि परिषद नेपाल</td><td>१००००</td><td></td></tr>
<tr><td>१८</td><td>शोभापोखरेल्</td><td>१००००</td><td></td></tr>
<tr><td>१९</td><td>नेपालजैविक संघ</td><td>१५२५०</td><td></td></tr>
<tr><td>२०</td><td>नेपाल रेडक्रस सोसाइटी</td><td>२५०००</td><td></td></tr>
<tr><td>२१</td><td>रुपन्देही इन्टरनेशनलकसिनकाई कराते फाउन्डेसन</td><td>१५०००</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६९६०२६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>चौमासिक पूजिँगत खर्च

चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । [[TABLE]] पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४०२५९० निकासा भएकोमा प्रथम चौमासिकमा रु. ४८९९७ अर्थात १२ प्रतिशत, दोश्रो चौमासिकमा रु. ८२९३४, अर्थात २१ प्रतिशत र तेश्रो चौमासिकमा रु. २७०६५८ अर्थात ६७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १५८२६२ अर्थात ३९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	
१७			**सवारी साधन खरिद** सवारीसाधन खरिद : स्थानिय सरकार संचाचलन ऐन २०७४, केन्द्रिय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीवाट मात्र सवारी साधन खरिद गर्नुपर्दछ । अर्थ मन्त्रनालयको स्थानिय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशीका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा	

[[TABLE]] :

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु. हजारमा)			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
पूँजिगत खर्च तर्फ	४०२५९०	४८९९७	८२९३४	२७०६५८	१५८२६२
प्रतिशत	६२	१२	२१	६७	३९

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्रोत साधनवाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरिक्षणको क्रममा पालिकाले दिएको विवरण अनुसार यस आ.व मा पालिका वाट निम्न बमोजिमका सवारी साधन खरिद भएको छ ।
<table>
<tr><th>सि. नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटर साइकल</td><td>१</td><td>२,८९,८९९</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>सफ्टवेयर खरिद

सफ्टवेयर खरिद : पालिकाले खर्च गर्दा प्रतिष्पर्धात्मक तवरले मितव्ययिता हुने गरी खर्च गर्नु पर्दछ । पालिकाले दिएको विवरण यस आ.व मा पालिकामा निम्न सफ्टवेयर खरिद भएको छ । सफ्टवेयर खरिद गर्दा एकीकृत तवरले प्रतिष्पर्धा हुने गरी खरिद गरेको देखिएन । पालिकाले विभिन्न सफ्टवेयर खरिद गरी उक्त सफ्टवेयरको प्रभावकारी प्रयोग गरी डिजिटल सेवा प्रवाह गर्नुपर्दछ ।
<table>
<tr><th>सफ्टवेयरको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>न्यायिक सम्पादन</td><td>न्यायिक सम्पादन व्यवस्थापन प्रणाली</td><td>२९९४५०</td></tr>
<tr><td>प्रशासन व्यवस्थापन</td><td>सिफारिस तथा प्रमाणित प्रक्रिय व्यवस्थापन प्रणाली</td><td>४९८३३०</td></tr>
<tr><td>लेखा पेरोल</td><td>लेखा परोल निर्माण</td><td>३५३१२५</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

अनलाईन नक्सा	अनलाईन प्रणाली मार्फत नक्सा व्यवस्थापन	४९५०००
पञ्जिकरण व्यवस्थापन	पञ्जिकरण सम्बन्धि कार्यसंचालन	३३९०००
बहाल कर	बहाल कर व्यवस्थापन	४९८३३०
कर भुक्तानी	कर भुक्तानी अनलाइन प्रणाली	४९८३३०

</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>

नक्सा पास र निर्माण सम्पन्न

घर नक्सा र निर्माण कार्य सम्पन्न सम्बन्धी विवरण : पालिकाले दिएको विवरण अनुसार यस आ.व मा पालिका वाट निम्न संख्यामा घर नक्सा र निर्माण कार्य सम्पन्न गरेको छ ।

क्र म	घर नक्सा पासको निवेदन संख्या	अस्थायी अनुमती	कार्यसम्पन्न संख्या		
			गत विगत वर्ष अनुमती दिएका मध्ये	यो वर्ष अनुमती लिएका मध्ये	जम्मा
१	४९९	४००	३२७	३६	३६३

</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>सेवा प्रवाह</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सेवा प्रवाह स्थिती : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन वनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकावाट निम्नअनुसारको सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>विवरण</th><th>निवेदन दर्ता</th><th>सिफारिस भएको संख्या</th></tr>
<tr><td>जन्म दर्ता</td><td>२२७५</td><td>२२७५</td></tr>
<tr><td>मृत्यु दर्ता</td><td>४७७</td><td>४७७</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१९६४</td><td>१९६४</td></tr>
<tr><td>विवाह दर्ता</td><td>११६३</td><td>११६३</td></tr>
<tr><td>सम्बन्ध विच्छेद</td><td>४६</td><td>४६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कानुन निर्माण एवम् कार्यान्वयन</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २६ वटा ऐन, ७ वटा नियमावली, ५१ कार्यविधि र ६ निर्देशिका लगायत ८० वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस पालिकाले आवश्यक अन्य कानून निर्माण गरेको छैन् । तसर्थ, आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१.२			न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको १७ र यो बर्ष थप भएको ३८ गरी कुल ५५ विवाद दर्ता भएकोमा २८ वटा मात्र फर्छ्यौट भई २७ विवाद फर्छ्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
२२			**सार्वजनिक सम्पत्ती उपयोग**	
२२.१			नगरपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड निर्माण गर्नुपर्ने, संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना गराउनुपर्ने तथा संरक्षण र उपयोग नीति तथा मापदण्ड छैन। तसर्थ, नगरपालिकाले सार्वजनिक जग्गाको संरक्षण गर्न उपयोग नीति र मापदण्ड निर्माण गरी मापदण्ड पालना गराउनु पर्दछ।	
२२.२			जिन्सी सामाग्रीको उपयोग: यस नगरपालिकाको जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम गर्नुपर्ने भनि उल्लेख भएका सामाग्रीको विवरण अनुसार नगरपालिकावाट लिलाम गरेको पाईएन । नगरपालिकाले कानून बमोजिम लिलाम गर्नुपर्ने सामाग्री लिलाम बिक्री गरेर अनावश्यक सामाग्री मौज्दात वाट हटाउनु पर्दछ ।	
२३			**शिक्षा तर्फ**	
२३.१			विधालय अनुगमन, नियमन व्यवस्था : यस नगरपालिकाले सार्वजनिक तथा निजि विधालयको अनुगमन नियमन गर्नको लागि मापदण्ड निर्धारण गरेको पाईएन । तथा नियमित रुपमा सवै विधालयको समेत अनुगमन तथा नियमन गरेको पाईएन । अतः नगरपालिकाले अनुगमन तथा नियमनको योजना, मापदण्ड बनाएर योजना बमोजिम सार्वजनिक तथा निजी विधालयको नियमन गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३.२			निजि विधालय व्यवस्थापन तर्फ : नगरपालिकाले निजि विधालयको नियमन गर्नको लागि मापदण्ड वनाएको छैन । साथै निजि विधालयको अनुगमन र नियमन समेत गरेको छैन । नगरपालिकाले निजि विधालयको शुल्क निर्धारण, शिक्षाको गुणस्तर, व्यवस्थापन लगायत पक्षको व्यवस्थापनको लागि मापदण्ड बनाएर नियमन गर्नुपर्दछ । यस तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।	
२३.३			विधालयगत निकासा रजिष्टर: यस नगारपालिका वाट अनुदान उपलब्ध गराएको विधालयको विधालयगत निकासा रजिष्टर तयार गरेको पाईएन । यसरी विधालयगत निकासा रजिष्टर तयार नगर्दा विधालयमा गएको निकासा र खर्च दोहोरो पर्न सक्दछ । अत: पालिकाले विधालयगत निकासा रजिष्टर तयार गर्नुपर्दछ ।	
२३.४			सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरः नगरपालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वयन गर्नु पर्दछ ।	
२४			**निर्माण कार्य व्यवस्थापन र भुक्तानी**	
२४.१			**निर्माण कार्यको म्याद :** निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधि निर्धारण गर्दा वस्तुगत आधारमा उपयुक्त समय निर्धारण गरिनु पर्दछ । यस पालिकावाट सञ्चालित कतिपय निर्माण कार्यको लागि आर्थिक बर्षको अन्त्यमा खरिद सम्झौता गर्ने र निर्माण सम्पन्न गर्नुपर्ने म्याद २ महिना भन्दा कम राखी सम्झौता गरेको देखियो । योजना सम्पन्न गर्न आवश्यक समयको वस्तुगत आधार वेगर म्याद निर्धारण गरेको देखियो ।संघ र प्रदेशवाट आर्थिक वर्षको अन्तिम चौमासिकमा वजेट आउने र यस बर्ष वजेट विनियोजन भएको र अर्को बर्ष वजेट आउने नआउने सुनिश्चित नभएकोले यही आर्थिक वर्ष भित्रको म्याद कायम गरि सम्झौता गरिएको पालिकाले जानकारी दिएको छ । खरिद कानुन अनुसारको खरिद श्रृखलाको तयारी तथा पालना गरेको पाइएन जसले गर्दा थोरै समय म्याद राखी खरिद सम्झौता गर्ने, अर्को वर्ष वजेट सुनिश्चित नहुदाँ काम अधुरो रहने, पटक पटक गरी शुरु सम्झौताको ३-४ गुणा भन्दा वढी म्याद थप गर्ने गर्नाले खरिद व्यवस्थापनमा धैरै समस्याहरु हुने गरेको देखियो । निर्माण	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यको म्याद निर्धारण गर्दा काम गर्न लाग्ने वस्तुगत आधारमा समय निर्धारण गर्नुपर्ने र खरिद श्रृखलाको प्रभावकारी परिपालना गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।यसका उदाहर निम्नानुसार रहेको छ :	
२४.२			**निर्माणस्थलको व्यवस्था :** सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ७ मा नगरपालिकाले निर्माणस्थलको व्यवस्था नभई निर्माण कारबाही शुरु गर्न नहुने व्यवस्था छ । ठे.नं. SNP/NCB-35/078/079 को सि.नं.पा.वडा नं. १ वेलहियामा वेलहिया गेट निर्माण कार्य (भन्सार विन्दुमा प्रवेश गेट निर्माण कार्य) को लागि पालिका र निर्माण व्यवसायी लक्ष्मी निर्माण सेवा वीच कवोल अंक रु १,६४,६२,५४६।९६ को मिति २०७९।०३।१४ मा काम सम्पन्न गर्ने गरी मिति २०७८।१२।३० मा सम्झौता भएको छ । यस निर्माण कार्यको म्याद २०७९।१२।३१ सम्म थप भएको छ । यस निर्माण कार्यको शुरु सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने अवधि सम्म पनि काम शुरु भएको देखिएन । साइट स्पष्ट नहुदा काम शुरु हुन नसकेको पालिकाले जानकारी दिएको छ । राष्ट्रिय राजमार्ग र अन्तराष्ट्रिय नाकामा गेट वनाउने कार्य पालिकावाट गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था समेत रहेको पाइएन । निर्माण स्थल स्पष्ट नभई ठेक्का व्यवस्थापन गर्ने कार्य उचित भएन । निर्माण स्थल स्पष्ट भएपछी मात्र वोलपत्र व्यवस्थापन हुनुपर्दछ ।	
२४.३			**मू.अ.करमा नन-फाइलर :** गो.भौ. ३३।०७९।०३।२५ सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम २०(१) मा कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थाई लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका ब्यक्ति, फर्म, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । करमा दर्ता भएका फर्महरु वार्षिक रुपमा नविकरण हुनु पर्दछ । ठे.नं. SNP/NCB-11/078/079 को श्रृजनापथमा सडक तथा नाला निर्माण गर्ने कार्य को लागि निर्माण व्यवसायी साहानी बिल्डर्स, ओमसतिया-३(मू.अ.कर नं. ६१३५५१३३१) लाई अन्तिम विल वापत विजक नं. ०९।०७९।३।२४ वाट रु ६,७९,७७१।०० भुक्तानी भएको छ । अन्तिम विल वापत मू.अ.कर थप रु ७८,२०३।०० भुक्तानी भएकोमा	७८,२०३

ठे.नं.	कामको नाम	कवोल अंक	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्पन्न गर्नुपर्ने दिन
37/078/079	सडक तथा नाली निर्माण कार्य	१,२५,८०,७७४	२०७९।०२।१०	२०७९।०३।१५	३६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			मू.अ.कर भिडान गर्दा आन्तरिक राजस्व कार्यालयमा नन फाइलर देखिएकोले मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.....	
२४.४			**निर्मित संरचनाको उपयोग :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तवरले गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट निर्मित ए व्लक हाटवजार निर्माण कार्य भेरिएशन समेत रु ११,९४,१८,५६८।१२(मू.अ.कर र पी.एस. समेत) को लागतमा आर्थिक वर्ष २०७७।७८ मा काम सम्पन्न भएकोमा हालसम्म पनि उपयोग भएको देखिएन । आ.व. २०७९।८० मा उक्त भवन भाडाका लागि आय ठेक्का आव्हान गरिएकोमा ठेक्का लाग्न नसकेको पालिकाले जानकारी दिएको छ । पर्याप्त अध्ययन तथा लागत लाभ विश्लेषण नगरी ठुलो लगानी लगाइ व्यवसायीक भवन निर्माण गर्ने तर आय आर्जन नहुनाले पालिकालाई थप आर्थिक भार पर्ने देखिन्छ ।	
२५			**ठे.नं. Admin_Building_Siddhartha_Mun_NCB-MB_077_078 को प्रशासकिय भवन निर्माण**	
२५.१			ठे.नं. Admin_Building_Siddhartha_Mun_NCB-MB_077_078 को प्रशासकिय भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी स्काई/रामसागर जे.भी. वीच कवोल अंक रु १८,३७,४९,५३७।५१ (मू.अ.कर समेत) को मिति २०८०।०६।१७ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०३।२४ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : **क. लागत अनुमान :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ११ मा निर्माण कार्यका लागि स्वीकृत नर्म्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । आइटम नं. 1.6 मा Exposure visit inside and outside of the country to the site of similar nature of the work (PS) प्रोभिजनल सममा आइटम राखी वी.ओ.क्यू.मा रु १८,७३,५९७।४५ अंक रहेको छ । लागत अनुमान तयार गर्दा यस्ता भवन निर्माण कार्य सँग असम्वन्धित, असान्दर्भिक, अनावश्यक र थप आर्थिक भार पर्ने आईटम राखी खरिद व्यवस्थापन कार्यमा नियन्त्रण हुनु पर्दछ । प्रशासकिय भवन निर्माण कार्यको वी.ओ.क्यू. मा स्वदेशी तथा विदेशी एक्पोजर भ्रमणको आइटम राखी खरिद सम्झौता भएको मनासिव देखिएन रु......	१,८७३,५९७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५.२			**ख. पेश्की जमानत :** सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२२ मा पेश्की वैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्छ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा अवधिको हुनुपर्ने व्यवस्था छ । खरिद सम्झौताको विशेष शर्तको GCC 57.3 मा Deduction from Payment Certificates will Commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 25% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of approved contract period को व्यवस्था छ । कम्तिमा पनि २०८०।०१।१५ गतेसम्मको अवधि खाम्ने गरी पेश्की जमानतको अवधि हुनु पर्नेमा मिति २०७९।०७।२५ सम्मको अवधि भएको पेश्की जमानत पेश भई मोविलाइजेशन पेश्की रु १,२६,११,०००।०० भुक्तानी भएको छ । खरिद सम्झौता अनुसारको पेश्की जमानत पेश भएपछी मात्र पेश्की भुक्तानी हुनु पर्दछ ।	
२५.३			**ग. प्रोभिजनल सम भुक्तानी** : यस निर्माण कार्यको दोश्रो रनिङ्ग विल वापत रु १,१३,१९,३९६।३९ भुक्तानी भएको छ । आइटम नं. 4 Supply and Fitting Fixing of Statue, Gajur, Tier of Stupas, Sheet Piling, Piling, Dismantalling of existing building with transportation of dismantalled material to the site of lead upto 7km etc. with other necessary work including decorative work as per requirement (PS) प्रोभिजनल सम को लागि वी.ओ.क्यु. मा रु ६२,००,०००।०० रहेको छ । यस रनिङ्ग विलमा Sheet Piling कार्यका लागि ९.७७ टनको प्रति टन रु १,१४,७६४।१३ का दरले रु ११,२१,६४४।२१ र Dismantlling work अन्तर्गत brickwork in cement mortar and removal ३९५.४३ घ.मी. रु १५२८.९९ प्रति घ.मी. का दरले रु ६,०४,६०८।५२ , Dismantle of reinforcement brick work in cement sand mortar ११९ घ.मी. को प्रति घ.मी. रु ७,९३३।४५ का दरले रु ९,४४,०८०।५५, Dismantle of PCC ५०.९३ घ.मी. को प्रति घ.मी. रु २,८८४.८१ का दरले रु १,४६,९३५।१४ , Removal of trees २० गोटाको लागि जम्मा रु २८,०९,१८०।०० भुक्तानी भएको छ । प्रोभिजनल सम अन्तर्गतको आइटममा वी.ओ.क्यू. मा तोकिएको सीमा सम्म सक्कल विल भर्पाइको आधारमा भुक्तानी दिनु पर्दछ । यस निर्माण कार्य अन्तर्गतको Sheet Piling र Dismantlling work का लागि इन्जिनियरिङ्ग नम्र्स अनुसारको प्राविधिक लागत अनुमान तयार गरी भएको कामको परिमाण नापी गरी भुक्तानी गरेको छ । लागत अनुमान तयार गर्दा मेशिनको प्रयोग दर नराखी म्यानुवल दर राखी दर विश्लेषण गरिएको छ । उक्त कामको लागि कुन प्रकारको कति सामान, लेवर ज्याला, मेशिन तथा उपकरण आदी लागेको हो, सो को वास्तविक विल भर्पाई राखी वी.ओ.क्यू.मा उल्लेखित रकमको सिमा सम्म भुक्तानी हुनुपर्दछ । इन्जिनियरिङ्ग नम्र्स अनुसार लागत अनुमान तयार गरी सोही दरमा	८४१,३४९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			भुक्तानी गरेकोमा लागत अनुमानको तुलनामा २९.९५% घटी निर्माण व्यवसायीको कवोल अंक रहेकोमा उक्त प्रोभिजनल समको भुक्तानी गर्दा २९.९५% नघटाई लागत अनुमान कै दरमा भुक्तानी भएको छ । पुरानो संरचना भत्काउदा त्यहा रहेका पुराना झ्याल, ढोका, इट्टा, फलामे डण्डी, रुख लगायतका सामानको कवाडी (Scrab) मूल्य हुने र विक्री गरी केही मात्रामा आम्दानी हुने कुरामा पालिकाले कुनै हिसाव गरेको छैन् । उक्त भत्काइएका सामानहरुको अवस्थाका वारेमा पालिकाले प्रष्ट पारेको छैन् । प्रोभिजनल समको आइटम वापत भुक्तानी गर्दा भएको कामको वास्तविक विल भर्पाइको आधारमा भुक्तानी गर्नुपर्नेमा लागत अनुमान तयार गरी लागत अनुमानको तुलनामा २९.९५% घटी रहेको निर्माण कार्यमा लागत अनुमान मै भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.... साथै भत्काइएका सामानहरुको अवस्थाका वारेमा पालिकाले प्रष्ट पार्नु पर्दछ ।	
२६			**ठे.नं. SNP/NCB-16/077/078 को महात्मा वुद्ध मा.वि. को भवन निर्माण**	
२६.१			ठे.नं. SNP/NCB-16/077/078 को महात्मा वुद्ध मा.वि. को भवन निर्माण कार्य को लागि पालिका र निर्माण व्यवसायी साहनी ग्रुप कन्स्ट्रक्सन वीच कवोल अंक रु १३६६८५३२।३१ (मू.अ.कर समेत) को मिति २०७८।०३।१५ मा काम सम्पन्न गर्ने गरी मिति २०७७।१२।५ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : क. म्याद थप : सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ ।यस निर्माण कार्यको प्रथम पटक मिति २०७८।०३।३१ को नगर कार्यपालिकाको निर्णयले मिति २०७८।०९।२९ गतेसम्म म्याद थप भएको छ भने दोश्रो पटक २०७८।९।१२ को निर्णयले मिति २०७८।१२।३० सम्म म्याद थप भएको छ । प्रथम पटक म्याद थप गर्दा कार्यसम्पादन जमानत मिति २०७८।०६।११ मा जारी भएको मिति २०७९।१०।३० सम्म म्याद भएको पेश भएको छ । कार्यसम्पादन जमानतको म्याद थप गरी निर्माण कार्यको अवधि थप गर्नुपर्नेमा म्याद थपको निर्णय गरेको करिव ३ महिना पछी मात्र कार्यसम्पादन जमानतको म्याद थप गरेको छ । त्यस्तै दोश्रो पटक म्याद थप गर्दा कार्यसम्पादन जमानत मिति २०७८।१०।१० मा जारी भएको मिति २०८०।०१।३० सम्म म्याद भएको पेश भएको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			छ । कार्यसम्पादन जमानतको म्याद थप गरी निर्माण कार्यको अवधि थप गर्नुपर्नेमा म्याद थपको निर्णय गरेको करिव १ महिना पछी मात्र कार्यसम्पादन जमानतको म्याद थप गरेको छ । निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन पेश गर्दा माग भएको थप अवधि खाम्ने कार्यसम्पादन जमानत पेश गरेर मात्र म्याद थप गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
२६.२			ख. वढी भुक्तानी : गो.भौ. १४१।०७९।०३।२३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यको तेश्रो तथा अन्तिम विल वापत रु २२,७६,४६५ भुक्तानी भएको छ । यस निर्माण कार्यको अन्तिम विल भुक्तानी गर्दा आइटम नं. १६. भर्याङ्गको लागि फलामे डण्डीको कामको ८० वटा डण्डीको लम्वाई १.५ मी. राख्नु पर्नेमा ५० मी. राखी भुक्तानी भएको छ । वास्तविक भुक्तानी परिमाण ७४.०४ के.जी. हुनुपर्नेमा २४६९.१४ के.जी. भुक्तानी भएकोले वढी भुक्तानी भएको परिमाण २३९५.१० के.जी. को प्रति के.जी. ५६.५०(मू.अ.कर समेत) का दरले रु १,३५,३२३।१५ सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु....	१३५,३२३
२६.३			**ग. एज विल्ट ड्रइङ्गस :** सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १३४.१. मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा पेश भएको छैन् । कानूनी व्यवस्थाको परिपालना हुनु पर्दछ ।	
२६.४			**घ. गुणस्तर परिक्षण :** यस निर्माण कार्यको गुणस्तर परिक्षण वापत प्रोभिजन सम मा रु ५०,०००।०० रहेकोमा भुक्तानी भएको देखिएन । यस निर्माण कार्यको ल्याव टेष्ट गरेको देखिएन । गुणस्तर परिक्षण गरी गुणस्तर आश्वस्त भएपछी मात्र भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
२६.५			**ङ. भेरिएशन आदेश :** सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२७ मा भेरिएशन आदेश सम्वन्धि व्यवस्था रहेको छ । यस निर्माण कार्यको भेरिएशन अर्डर ११.१८% घटी रु ७७,४२,३११।२३ कायम भएको छ । शुरु लागत अनुमान तयार गर्दा व्रिक वर्क लागायतका आइटममा अत्याधिक परिमाण राखेकोले वास्तविक काम कम हुन गई भेरिएशन आदेश जारी गर्नु परेको पालिकाले जानकारी दिएको	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>छ । इन्जिनियरिङ्ग नम्स अनुसार पूर्वानुमान गर्न सकिने सामान्य विषयमा ध्यान दिएको देखिएन । लागत अनुमान तयार गर्दा वस्तुगत आधारमा तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>

पूर्वनिर्धारित क्षतिपूर्ति

पूर्वनिर्धारित क्षतिपूर्ति : सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १३० मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले नगरपालिकालाई सम्झौता रकमको दश प्रतिशतमा नवढने गरी प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था रहेको छ । नमुना छनोटको आधारमा लेखापरीक्षण गर्दा यस पालिकावाट निम्नानुसार निर्माण कार्यको म्याद थप गर्दा नगर कार्यपालिकाको मिति २०७९।०३।३२ को निर्णयवाट जरिवाना लगाउने गरी म्याद थप भएको छ । उक्त कार्यहरु लेखापरीक्षण अवधिसम्म पनि समाप्त नभएकोले कवोल अंकको १०% हुने पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्ने देखिन्छ । अत: सम्वन्धित निर्माण व्यवसायीवाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी वाँकी काम सम्वन्धित निर्माण व्यवसायीवाट गराउनु पर्दछ रु...

<table>
<tr><th>ठे.नं.</th><th>निर्माण व्यवसायी</th><th>काम</th><th>शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति</th><th>म्याद थप पछी ठेक्का अवधि</th><th>कवोल अंक (मू.अ.कर वाहेक)</th><th>१०% क्षतिपूर्ति</th><th>आ.व. २०७८।७९ को प्रगति</th></tr>
<tr><td>18/078-79</td><td>रुपन्देही विल्डर्स एण्ड कन्स्ट्रक्सन</td><td>पक्लीहवा मा.वि. को भवन निर्माण</td><td>२०७८।१२।३०</td><td>२०७९ पौष मसान्त</td><td>६८,९३,३२४</td><td>६८९३३२</td><td>०</td></tr>
</table>
</td><td>३,७२८,०२२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

11/078/079	साहानी बिल्डर्स	श्रृजनापथमा सडक तथा नाला निर्माण गर्ने	२०७९।०३।२०	२०७९ असोज मसान्त	७२,४०,५६९	७२४०५६	८.३५%
13/078/079	रुपन्देही विल्डर्स एण्ड कन्स्ट्रक्सन	भुजौली प्रा.वि. को भवन निर्माण	२०७८।१२।३०	२०७९।०७। मसान्त	४७,०१,५९७	४७०१५९	२५.८०%
32/077/078	गंगोत्रीदेवी निर्माण सेवा	स्वास्थ्य सेवा पूर्वाधार र वडा समितिको भवन निर्माण	२०७८।१०।२८	२०७९ असोज मसान्त	७७,०५,५४७	७७०५५४	६०.०४%
09/078/079	दीर्घायु कन्स्ट्रक्सन	भानु मा.वि.को भवन निर्माण	२०७९।०१।११	२०७९ कार्तिक मसान्त	९७,४५,०३०	९७४५०३	३९.८९%
SQ-10/078/79	मायादेवी विल्डर्स	आर सि सि पि सि सि सडक निर्माण	२०७८।१२।३०	२०७९।०६ मसान्त	९,९४,१८०	९९४१८	४५.५८%
						३७२८०२२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८.१			राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम **नापी किताव / कार्यसम्पन्न प्रतिवेदन :** गो.भौ. ४४।०७९।०३।२५ विधालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को १.३ (ड) मा विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्वन्धी कार्यहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट आर्थिक बर्ष २०७८।७९ मा संघीय सशर्तवाट ४ वटा विधालयलाई आषाढ महिनामा भवन निर्माण अनुदान रु १,२४,६०,०००।०० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७८।७९ मा ४ वटा विधालयलाई अनुदान दिएकोमा विधालयको निर्माण कार्य सम्पन्न भएको छैन् । निम्नानुसार विधालयमा भवन निर्माणका लागि अनुदान दिएकोमा सो भुक्तानीलाइ पुष्टयाई गर्ने निर्माण कार्यका कागजातहरु (नापी किताव , कार्य सम्पन्न प्रतिवेदन) लेखापरीक्षणका क्रममा पेश भएन । अत : उक्त निर्माण कार्यको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु...	१२,४६०,०००

क्र.सं.	विद्यालयको नाम	भुक्तानी रकम रु
१	खजहना आ वि	१८,००,०००
२	नवदुर्गा मा वि	३६,००,०००
३	बेलहिवा मा वि	३६,००,०००
४	महात्मा वुद्ध मा वि	३४,६०,०००
	जम्मा	१,२४,६०,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>क. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियाको वुँदा नं. ११ मा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाई निकासा दिने र विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न ४ विधालयलाई भवन निर्माणका लागि रु १,२४,६०,०००।०० अनुदान दिएकोमा यही आर्थिक वर्ष भित्र कार्य सम्पन्न भएको प्रमाण पेश भएन भने रकम फ्रिज भएको समेत देखिएन । अत: क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियामा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>ख. कार्यक्रम कार्यान्वयन पुस्तिकामा भवन निर्माणका लागि विनियोजन भएको सम्पूर्ण रकम सम्वन्धित विद्यालयलाई निकासा दिनुपर्ने र पालिकाले कन्टिन्जेन्सी वापत कुनै रकम कट्टी गर्न नपाउने व्यवस्था रहेकोमा सम्वन्धित विद्यालयलाई अनुदान रकम भुक्तानी दिँदा निम्नानुसार कन्टिन्जेन्सी रकम घटाई भुक्तानी दिएकोछ । भवन निर्माणका लागि विनियोजन भएको सम्पूर्ण रकम विद्यालयमा निकासा दिनु पर्दछ । कन्टिन्जेन्सी घटाई वाँकी रकम विधालयमा पठाएता पनि कन्टिन्जेन्सी रकम खर्च नगरी एकमुष्ट वाँकी रकम संघमा फिर्ता पठाएको पालिकाले जानकारी दिएको छ ।
<table><tr><th>विद्यालयको नाम</th><th>कुल विनियोजन</th><th>अनुदान भुक्तानी</th><th>कन्टिन्जेन्सी कट्टी</th></tr><tr><td>महात्मा वुद्ध मा वि</td><td>३६,००,०००</td><td>३४,६०,०००</td><td>१,४०,०००</td></tr></table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>लभग्राही समुदायवाट खरिद</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>वायो डाइजेष्टर शौचालय निर्माण कार्यको लागि वायो शौचालय निर्माण उपभोक्ता समिति र पालिका वीच रु ४५,२४,८६२।९९ को लागतमा मिति २०७९।०३।२० मा काम सम्पन्न गर्ने गरी मिति २०७८।१२।१३ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :
क. योजना हस्तान्तरण : सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १०७ (१३) मा निर्माण कार्य सम्पन्न भएपछि नगरपालिकाले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यस्तो प्राविधिक ज्ञान आवश्यक पर्ने जटिल प्रकृतिको कार्य उपभोक्ता समितिवाट गराउने कार्य उचित भएन ।कार्य सम्पन्न</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पश्चात उपभोक्ता समितिलाई हस्तान्तरण गरी उपभोक्ता समितिवाट संचालन तथा मर्मत संभार गर्नुपर्नेमा सो गरेको देखिएन । उक्त कार्य उपभोक्ता समितिलाई हस्तान्तरण भएको छैन् । कानूनमा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ । ख. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार योजना सम्पन्न पश्चात गरिनुपर्ने नगरस्तरीय अनुगमन गरेको देखिएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ । ग. यस निर्माण कार्यको संशोधित लागत अनुमान रु ४६,२८,२६३।३८ रहेकोमा उपभोक्ता समितिको योगदान ६,३०,७६३।३८ कामय गरेको छ । शुरु सम्झौता अनुसार उपभोक्ताको योगदान रु ६,६४,८६२।९९ रहेकोमा संशोधन गरी रु ३४,०९९।६१ घटी कायम भएको छ । उपभोक्ता समितिवाट गरिने कार्यको लागत अनुमान संशोधन सम्वन्धि स्पष्ट कानूनी व्यवस्था नरहेको अवस्थामा लागत अनुमान संशोधन गरी उपभोक्ता समितिको योगदान घटाउने कार्य उचित भएन ।	
२९.२			स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार योजना सम्पन्न पश्चात गरिनुपर्ने नगरस्तरीय अनुगमन गरेको देखिएन । यस वर्ष उपभोक्ता समिति मार्फत काम गराइ रु ३,७४,७५,३५१।३८ भुक्तानी भएको छ । सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १०७ (१३) आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा सो गरेको देखिएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ । सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १०७ (७) मा निर्माण कार्य सम्पन्न भएपछि तोकिएको अवधिभित्र सार्वजनिक परिक्षण गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक परीक्षण भएको छैन् ।	
३०			**ठे.नं. CAMIDW_HATB_SOUTH_NCB_01B/ 2077-78 को हाटवजार भवन निर्माण**	
३०.१			ठे.नं. CAMIDW_HATB_SOUTH_NCB_01B/ 2077-78 को हाटवजार भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी विकास एण्ड व्रदर्श। आत्रेय।वस्नेत जे.भी. वीच कवोल अंक रु १६,३८,१७,२६०।५१(मू.अ.कर समेत) को मिति २०७९।०३।१६ मा काम सम्पन्न गर्ने गरी मिति २०७७।०८।०९ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>क. अद्यावधिक कार्यक्रम : खरिद सम्झौताको विशेष शर्तको वुँदा नं. 34.3 मा The Period between program updates is 60 days. The amount to be withheld for late submission of an updated program is Rs 50000.00 उल्लेख भएको छ । निर्माण व्यवसायीले आद्यावधिक कार्यक्रम पेश गरेको छैन् भने पालिकाले रकम भुक्तानी गर्दा खरिद सम्झौता अनुसार रकम रोक्का समेत गरेको देखिएन । खरिद सम्झौताको परिपालना गरी समयमा काम सम्पन्न गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>ख. कार्यसम्पादन जमानत र वीमाको अवधि थप : सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद २०७९|०३|१६ मा समाप्त भएकोमा मिति २०७९|०३|३२ मा मिति २०८०|०३|२० सम्म म्याद थप भएको छ । कार्य सम्पादन जमानतको म्याद थप गरी निर्माण कार्यको अवधि थप गर्नुपर्नेमा म्याद थप गरी मिति २० अक्टोवर २०२२(२०७९|०७|०३) मा मात्र कार्यसम्पादन जमानतको म्याद थप भएको छ । निर्माण कार्यको म्याद थप हुदाँ वीमाको अवधि थप भएको छैन् । कार्यसम्पादन जमानतको म्याद थप गरी निर्माण कार्यको अवधि थप गर्नुपर्नेमा म्याद थपको निर्णय गरेको करिव ३ महिना पछी मात्र कार्यसम्पादन जमानतको म्याद थप गरेको छ । निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन पेश गर्दा माग भएको थप अवधि खाम्ने कार्यसम्पादन जमानत र वीमाको पोलिसी पेश गरेर मात्र म्याद थप गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.३</td><td></td><td></td><td>ग. मू.अ.करमा नन-फाइलर : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट स्थाई लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका ब्यक्ति, फर्म, संस्था वा कम्पनीवाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । करमा दर्ता भएका फर्महरु वार्षिक रुपमा नविकरण हुनु पर्दछ । यस कार्यालयसँग निम्नानुसार कारोवार गरेका निर्माण व्यवसायीलाई मू.अ.कर सहित भुक्तानी भएकोमा स्थाइ लेखा नम्वर जाँच गर्दा आ.व. २०७७|७८ मा आयकरमा नन-फाइलर देखाएकोले भुक्तानी भएको मू.अ.कर वापतको रकम मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.</th><th>निर्माण व्यवसायी</th><th>विजक नं.</th><th>जम्मा रकम</th><th>मू.अ.कर रकम</th></tr>
<tr><td>९|०७८|०७|०८</td><td rowspan="2"></td><td>०१|०७८|०७|०८</td><td>१,०१,५६,५१२</td><td>११,६८,४४८</td></tr>
<tr><td>२१|०७९|०२|०९</td><td>०५|०७९|०२|०८</td><td>६६,८२,२७९</td><td>८,८३,४८३</td></tr>
</table></td><td>२,८८३,५७३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९१।०७९।०३।०२</td><td>विकास एण्ड व्रदर्श। आत्रेय।वस्नेत जे.भी. (६१४२६१९१०)</td><td>०७।०७९।०३।०२</td><td>७२,२८,८९२</td><td>८,३१,६४२</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२८,८३,५७३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.४</td><td></td><td></td><td>घ. इन्जिनियरिङ्ग नर्म्स : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नम्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रशासकिय भवन निर्माण कार्यको फलामे डण्डी निर्माण कार्यको लागत अनुमान तयार गर्दा नम्स अनुसार १.०५ के.जी. राखि तयार गरेको छ । यस निर्माण कार्यमा ल्याप र चियर वापत छुट्टै भुक्तानी गरेको छ । नम्स अनुसार दर विश्लेषण गर्दा फलामे डण्डीको लागि १.०५ परिमाण राखि लागत अनुमान तयार गरेको छ । भवनको नम्स अनुसार नम्स र चियर वापत छूट्टै परिमाण नापी गरी भुक्तानी गर्ने र नम्स अनुसार ५% नोक्सानी वापत हुने उल्लेख भएकोमा नोक्सानी भएको फलामे डण्डीको विक्री हुन सक्ने कुरा नम्समा उल्लेख गरेको छैन् । नोक्सान भएको फलामे डण्डि विक्रीवाट प्राप्त हुने आम्दानी लाई ध्यान नदिई नम्स तयार गरेकोले यसमा पुनरावलोकन हुनु पर्दछ । नम्स तयार गर्दा राज्यलाई कम भार पर्ने गरी गरिनु पर्दछ ।

ङ. न्युन कार्य प्रगति : यो निर्माण कार्यको लागि हालसम्म रु ६,६४,४८,४०१।३० भुक्तानी भएको छ । शुरु सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने अवधि भित्र वित्तिय प्रगति ३९.७७% र भौतिक प्रगति ३७.४५% मात्र प्रगति भएको विवरण प्राप्त भएको छ । यस निर्माण कार्यको म्याद मिति २०८०।०३।२० सम्म म्याद थप भएको छ ।कार्य प्रगति अत्यन्त न्यून भएकोले खरिद सम्झौता र सार्वजनिक खरिद नियमावलीको व्यवस्था वमोजिम कार्वाही गरी समयमा सम्पन्न गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । आ.व. २०७८।७९ मा कृषि हाट वजार तर्फ संघीय विशेष अनुदान अन्तर्गत यस</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निर्माण कार्यको लागि वजेट रु ४ करोड विनियोजन भएकोमा यस वर्ष रु २,४०,६७,६८५।११ खर्च भई वाँकी रु १,५९,३२,३१४।८९ फिर्ता भएको छ । वजेट कार्यान्वयन प्रभावकारी हुन नसक्दा नगरपालिका श्रोत माथि थप दायित्व पर्ने देखिन्छ ।	
३१			**ठे.नं. SIDDHARTHA_TGATE_NCB_02_077_78 पर्यटकीय गेट निर्माण कार्य,**	
३१.१			ठे.नं. SIDDHARTHA_TGATE_NCB_02_077_78 पर्यटकीय गेट निर्माण कार्य, वेलहिया का लागि पालिका र निर्माण व्यवसायी प्राकृतिक निर्माण सेवा वीच कवोल अंक रु ४,४८,९३,०९३।२४ को मिति २०७८।०३।२५ मा काम सम्पन्न गर्नेगरी मिति २३ नोभेम्वर २०२० मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : क. म्याद थप : सिद्धार्थनगर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२९ मा खरिद सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था रहेको छ । २०७८।०३।३१ को निर्णयले यस निर्माण कार्यको म्याद २०७८ पौष मसान्त सम्म म्याद थप भएकोमा करिव ३ महिना पछी मात्र कार्यसम्पादन जमानतको म्याद थप गरी पेश भएको छ । कार्यसम्पादन जमानतको म्याद थप गरी निर्माण कार्यको अवधि थप गर्नुपर्नेमा म्याद थपको निर्णय गरेको करिव ३ महिना पछी मात्र कार्यसम्पादन जमानतको म्याद थप गरेको छ । निर्माण व्यवसायीले म्याद थपका लागि निवेदन पेश गर्दा माग भएको थप अवधि खाम्ने कार्यसम्पादन जमानत पेश गरेर मात्र म्याद थप गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३१.२			ख. पेश्की फर्छयौट : गो.भौ. १३१।०७९।०१।२३ खरिद सम्झौताको विशेष शर्तको GCC 57.3 मा Deduction from Payment Certificates will Commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 25% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of approved contract period को व्यवस्था भएकोमा खरिद सम्झौता अनुसारको पेश्की फर्छयौट भएको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			यस निर्माण कार्यको अन्तिम विल वापत रु ७८,६२,२४९।१४ भुक्तानी भएको छ । अन्तिम विलवाट रु ४२,२०,०००।०० पेश्की फर्छ्यौट भएको छ । खरिद सम्झौताको शर्त वमोजिम आर्थिक वर्ष २०७७।७८ को अन्त्यमा पेश्की फर्छ्यौट भई सक्नुपर्नेमा आर्थिक वर्ष २०७८।७९ को अन्त्यमा मात्र पेश्की फर्छ्यौट भएको छ । यसले गर्दा निर्माण व्यवसायीलाई लाभ पुगेको देखिन्छ । खरिद सम्झौताको परिपालना गरी समयमा पेश्की फर्छ्यौट हुनु पर्दछ ।	
३१.३			ग. भेरिएशन अर्डर : शुरु सम्झौता रकम रु ४,४८,९३,०९३।२५ (मू.अ.कर र पी.एस.समेत) रहेकोमा उक्त रकममा ४.९९% घटन गइ भेरिएशन आदेश पछी रु ४,२६,५३,०५२।५१ कायम भएको छ । उक्त भेरिएशन आदेश मिति २०७८।८।२६ मा नगर प्रमुखवाट स्वीकृत भएको छ । Carving Artist work in copper sheet मा कुल सम्झौता रकम रु ४१,५४,६४८।५१ रहेकोमा वास्तविक काम रु १८,६२,४५६।४७ को भई रु २२,९२,१९२।०४ को काम घटेको छ । त्यसै गरी ६ वटा नयाँ आइटमहरुका लागि रु ११,१७,४८८।०१ को भेरिएशन जारी गरेको छ । विस्तृत परियोजना प्रतिवेदन अनुसार वोलपत्र व्यवस्थापन गरेको तर वास्तविक कार्य गर्दा परिमाण घटी भएकोले भेरिएशन आदेश जारी गरेको पालिकाले जानकारी दिएको छ । वास्तविकतामा आधारित भएर विस्तृत परियोजना प्रतिवेदन तयार गरिनु पर्दछ । वोलपत्रका लागि लागत अनुमान तयार गर्दा वास्तविक काममा आधारित भएर तयार गर्नु पर्दछ ।	
३१.४			**घ. स्थलगत निरीक्षण :** स्थलगत निरीक्षण गर्दा गेटको आर्कको स्लोप नमिलेको देखिन्छ । निर्माण कार्य गर्दा ड्रइङ्ग डिजाइन अनुसार काम गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
३२			**स्वकिय सचिव र सल्लाहकार**	६१२,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्वकीय सचिव र सल्लाहकार : स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७६ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको कानुनी सल्लाहकार रुपमा तलब भत्ता भुक्तानी हुने गरी श्री शेस नारायण भण्डारी लाई नियुक्त गरी मासिक रु. १७००० का दरले रु. २०४,००० र वैदेशिक सल्लाहकार का रुपमा तलब भुक्तानी हुने गरी डा. गितु गिरी नियुक्ती गरी मासिक रु. १७००० का दरले रु.२०४,००० र प्रेश सल्लाहकार का रुपमा तलब भुक्तानी हुने संकर प्रशाद पाण्डे (११ महिना कार्यरत), सल्मान खान (१ महिना कार्यरत) नियुक्ती गरी मासिक रु. १७,००० का दरले २०४,००० गरी सल्लाहकारमा जम्मा रु. ६,१२,००० भुक्तानी भएको नियम संगत नदेखिएको रु.	
३३			**पदाधिकारी** पदाधिकारी तथा अन्य सुविधा : लुम्बिनि प्रदेशको प्रदेश सभाले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७६ को ३,४,५,६,७,८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानिय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विधुत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानिय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधामा रु. ४५१८०००, टेलिफोन, मोबाईलमा रु. २२६२०००, पुस्तक, पत्रीका, ईन्टरनेटमा रु. २१६००००, समन्वय तथा सहजीकरणमा रु. ३५१६०००, अतिथि सत्कारमा रु. १०९२०००, खानेपानी/बिजुली/ सरसफाईमा रु. २४०००० र चाडवर्प खर्चमा रु. ५९५००० गरी जम्मा रु. १४३८३००० खर्च भुक्तानी गरेको देखियो ।	
३४			**कृषि तथा पशु कार्यक्रम तर्फ**	
३४.१			धान तथा गहुँ उन्नत विउ वितरण (५० प्रतिशत अनुदान) : यस कार्यक्रममा वजेट विनियोजन भई रु. ९,७८,४०० खर्च भएको छ । कृषकलाई धान र गहूँको उन्नत विउ वितरण गर्ने उद्देश्यले संचालन भएको यस कार्यक्रममा निम्न पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

क्र म	गो.भौ.नं.	खरिद सामाग्री	परिमाण (के.जी)	दर	जम्मा	सप्लायर्स
१	३०/२०७८/०८/२१	गहुको विउ	२२०००	७२	१५८४००००	श्री कालिका सीड कम्पनी प्रा ली
२	२३६/२०७९/३/२१	धानको विउ	४१३०	विभिन्न	४,७३,२००	श्री कालिका सीड कम्पनी प्रा ली
				जम्मा	२०,५७,२००	

1. अनुगमन मूल्यांकन नभएको : कृषकलाई अनुदान स्वरुप वितरण गरिएको विउ को खेति भयो भएन पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईएन । अत पालिकावाट वितरण गरिएको सामाग्रीको उपयोगको सम्बन्धमा अनुगमन मूल्यांकन गर्नुपर्दछ ।
2. कार्यविधि नबनाई कार्यक्रम संचालन भएको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा १६ (३) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ भन्ने व्यवस्था रहेकोमा पालिकाले यस कार्यक्रम संचालन को लागि कार्यविधि तथा मापदण्ड नबनाई आर्थिक विकास समितिको निर्णय गरी प्रमुख प्रशासकिय अधिकृत वाट स्विकृत गराई कार्यक्रम संचालन भएको छ । यस कार्यक्रम संचालनमा कृषक के आधारमा छनौट गर्ने, कुन कुन कृषि को लागि अनुदान तथा सहयोग उपलब्ध गराउने र कति कृषकलाई अनुदान उपलब्ध गराउने मापदण्ड निर्धारण नगरी खर्च भएको छ । कृषकको मागको आधारमा पालिका वाट अनुदान उपलब्ध गाराईएको छ । यसरि कार्यविधि नबनाई कार्यक्रम संचालन गर्दा कार्यक्रममा एकरुपता आउने देखिदैन । अतः पालिका वाट कार्यविधि बनाएर मात्रै कार्यक्रम संचालन गर्नुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
